## सम्वत् २०८१ साल फागुन ०५ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरूः

१. आर्थिक मामिला तथा योजना मन्त्रालयः प्रदेश सार्वजनिक खरिद (दोस्रो संशोधन) नियमावली, २०८१ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी (तेस्रो संशोधन) निर्देशिका, २०८१ लाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।"

## सम्वत् २०८१ साल फागुन ०९ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरूः

१. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः केही प्रदेश ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८१ लाई प्रतिस्थापन गर्ने विधेयक, २०८१ आन्तरिक मामिला तथा कानुन मन्त्रीलाई प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।

२. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः गृह मन्त्रालय अन्तर्गतका निकायहरूलाई बजेट बाँडफाँट गर्ने।

३. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः सुरक्षा निकायहरूको भौतिक संरचनाहरूको मर्मत सम्भार र बार एशोसिएसन सुदृढीकरण कार्यक्रमको रकम बाँडफाँट गर्ने।

४. मन्त्रिपरिषद्, कानून, न्याय तथा प्रदेश मामिला समितिको बैठकबाट परिमार्जन भएको "प्रदेश सार्वजनिक खरिद (दोस्रो संशोधन) नियमावली, २०८१ र सार्वजनिक खर्चको मापदण्ड र मितव्ययिता सम्बन्धी (तेस्रो संशोधन) निर्देशिका, २०८१" स्वीकृत गर्ने।

## सम्वत् २०८१ साल फागुन १३ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरूः

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः कोशी प्रदेश आयोजना बैंक व्यवस्थापन कार्यविधि, २०८१ स्वीकृत गर्ने।

२. आर्थिक मामिला तथा योजना मन्त्रालयः आर्थिक वर्ष २०८२/०८३ मा प्रदेशबाट कार्यान्वयन गरिने समपूरक र विशेष अनुदान अन्तर्गतका आयोजना वा कार्यक्रम राष्ट्रिय योजना आयोगले निर्धारण गरेको विद्युतीय प्रणालीमा प्रविष्ट गर्ने।

३. सामाजिक विकास मन्त्रालयः सामाजिक विकास संस्था ऐन, २०७५ लाई संशोधन गर्न बनेको विधेयकलाई मन्त्रिपरिषद्, कानुन, न्याय तथा प्रदेश मामिला समितिमा छलफल गरी पेश गर्ने।

४. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः सुरक्षा निकायहरूको भवन निर्माणको रकम बाँडफाँट गर्ने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*

**<u>सम्वत् २०८१ साल फागुन २३ गते बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयहरूः</u>**

१. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः धनकुटा नगरपालिका र जनवादी गणतन्त्र चीनको फुझाउ सहर बीच भगिनी सम्बन्ध कायम गर्ने सम्बन्धमा राय परामर्श दिने।

२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः प्रदेश सचिवद्वय पवन कुमार तिमिल्सेना र राम प्रसाद आचार्यलाई क्रमशः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र आन्तरिक मामिला तथा कानुन मन्त्रालयमा कामकाजमा खटाउने।

३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयः आर्थिक मामिला तथा योजना मन्त्रालय र मातहतका कार्यालयको संगठन संरचना तथा दरबन्दी तेरिज, २०८१ लाई मन्त्रिपरिषद्, राजनैतिक तथा प्रशासन समितिमा छलफल गरी पेश गर्ने"

४. आन्तरिक मामिला तथा कानुन मन्त्रालयः सम्माननीय प्रधानमन्त्रीज्यूबाट प्रदेश सभाको बैठकमा सम्बोधनका लागि व्यवस्थापन गर्न माननीय सभामुखज्यूलाई अनुरोध गर्ने।

५. पर्यटन, वन तथा वातावरण मन्त्रालयः कोशी प्रदेश पर्यटन वर्षका लागि आर्थिक वर्ष २०८१/८२ मा विनियोजन भएको बजेटको स्रोतगत बाँडफाँट स्वीकृत गर्ने।

६. स्वास्थ्य मन्त्रालयः कडा रोग लागेका विपन्न नागरिकहरूलाई आर्थिक सहायताका लागि थप बजेट उपलब्ध गराउने।



*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*